निर्णयहरु:

१. देहायका पदाधिकारी रहनु भएको संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ सुदूरपश्चिम प्रदेश मूल समारोह समितिको गठन गर्ने ।

(क) माननीय मुख्यमन्त्री - अध्यक्ष
(ख) माननीय मन्त्रीहरू - सदस्य
(ग) माननीय राज्यमन्त्रीहरू - सदस्य
(घ) माननीय प्रदेश सभा सदस्यहरु - सदस्य,
(ङ) कैलाली जि.स.स. प्रमुख - सदस्य
(च) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य
(छ) धनगढी उपमहानगरपालिकाका प्रमुख - सदस्य
(ज) पृतनापति सुदूरपश्चिम पृतना हे.क्वा. - सदस्य
(झ) प्रदेश सचिवहरु - सदस्य
(ञ) प्रमुख जिल्ला अधिकारी कैलाली - सदस्य
(ट) नेपाल प्रहरी, स.प्र.बल नेपाल, रा.अ.बि.का प्रदेश प्रमुखहरू - सदस्य
(ठ) राजनीतिक दलका प्रदेशका प्रमुखहरु - सदस्य
(ड) क्याम्पस प्रमुख, कैलाली बहुमुखी क्याम्पस - सदस्य
(ढ) प्रदेश स्तरीय नेपाल पत्रकार महासंघ, उद्योग वाणिज्य महासंघ, निर्माण व्यवसायी महासंघ, गै.स.सं. महासंघका अध्यक्षहरू - सदस्य
(ण) आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव - सदस्य सचिव

२. प्रभातफेरी कार्यक्रम शुरु हुने स्थान र समयः धनगढी शहिदगेटबाट विहान ७.०० बजे

समारोहस्थलः आन्तरिक मामिला तथा कानुन, धनगढी
मितिः २०८१ असोज ३ गते
समयः बिहान ८.०० बजे

३. रक्तदान कार्यक्रमः

स्थानः रेडक्रस भवन, धनगढी
मितिः २०८१ असोज २ गते
समयः बिहान ९.०० बजे

> सामाजिक विकास मन्त्रालयले नेपाल रेडक्रस सोसाइटी सँगको सहकार्य र समन्वयमा उल्लेखित कार्यक्रमको संयोजन गर्ने ।

४. संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ को उपलक्ष्यमा असोज ३ गते विहान ७:०० बजे आयोजना हुने प्रभातफेरी र तत्पश्चातको मूल समारोह सभामा सहभागिताका लागि मूल समारोह समितिका सदस्यहरूका साथसाथै मा. सभामुख, मा. उपसभामुख, प्रदेश सभाका विषयगत समितिका मा. सभापतिहरु, संविधान सभा

कमल बहादुर शाह
मुख्यमन्त्री

सदस्यहरु, प्रदेश सभाका सचेतक, पूर्व मुख्यमन्त्री, निर्वाचित जनप्रतिनिधिहरु, उच्च अदालतका मुख्य न्यायाधीश, प्रदेशस्थित विभिन्न आयोग/निकाय/समितिका प्रमुख एवं पदाधिकारी, राजनीतिक दलहरु, प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरु, नागरिक समाज एवं प्रवुद्ध वर्ग, सञ्चारकर्मी, व्यवसायी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सार्वजनिक तथा गैरसरकारी/सामुदायिक संघसंस्थाका पदाधिकारीहरु र आम नागरिकको उपस्थितिका लागि आव्हान गर्ने।

५. असोज २ गतेको कार्यक्रम:

- रक्तदान कार्यक्रम संचालन गर्ने ।
- सबै मन्त्रालय, निकाय, सरकारी कार्यालय, उपहानगरपालिकाले आ-आफ्नो स्थानमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरक्षेत्रको श्रृंगार र सरसफाई गर्ने ।
- सबै सरकारी कार्यालयलाई आफ्नो कार्यालय परिसर सरसफाई एवं दिपावली गर्न निर्देशन दिने र आम नागरिकलाई घर घरमा सरसफाई र दिपावली गर्न अनुरोध गर्ने।
- सरकारी कार्यालयहरुले आ-आफ्नो वेवसाइट र कार्यालयको डिस्प्ले बोर्डमा संविधान दिवसको शुभकामना सन्देश प्रकाशन गर्ने।

६. असोज ३ गतेको कार्यक्रम:

- शहिदगेटमा सहिदहरू प्रति सम्मान गर्ने,
- तत्पश्चात सम्पुर्ण महानुभावहरु सहितको टोली प्रभावतफेरी गर्दै मूल समारोहस्थलमा उपस्थित हुने,
- विभिन्न सांस्कृतिक झाँकी तथा नृत्य प्रर्दशन गर्ने। उक्त कार्य सामाजिक विकास मन्त्रालयले प्रज्ञा प्रतिष्ठानसँगको समन्वय गर्ने,
- सबै सुरक्षा निकायहरुबाट व्याण्ड सहितको परेड प्रर्दशन गर्ने,
- सम्पुर्ण सरकारी निकाय, प्रतिष्ठान, संघसंस्थामा राष्ट्रिय झन्डा सजाउने र साँझ दिपावली गर्ने,
- आम नागरिकले आ-आफ्नो घरको छत, बरन्डामा राष्ट्रिय झन्डा सजाउने र साँझ दिपावली गर्न अनुरोध गर्ने।

७. असोज ४ गतेको कार्यक्रम

- सम्पुर्ण सरकारी निकाय, प्रतिष्ठान, संघसंस्थामा राष्ट्रिय झन्डा सजाउने र साँझ दिपावली गर्ने ।

८. स्वीकृत कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्न देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने।

<u>(क) मञ्च व्यवस्थापन तथा प्रचारप्रसार उपसमिति</u>

- ❖ प्रदेश सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - संयोजक
- ❖ प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
- ❖ प्रमुख जिल्ला अधिकारी, कैलाली - सदस्य
- ❖ प्रमुख प्रशासकीय अधिकृत, धनगढी उ.म.न.पा - सदस्य
- ❖ प्रमुख, नेपाली सेना (जिल्लास्थित) - सदस्य

कमल बहादुर शाह

मु... मन्त्री

- प्रमुख, जिल्ला प्रहरी कार्यालय कैलाली - सदस्य
- प्रमुख, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य
- प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कैलाली - सदस्य
- अध्यक्ष, कैलाली उद्योग बाणिज्य महासंघ, सुदरपश्चिम - सदस्य
- अध्यक्ष, नेपाल पत्रकार महासंघ,सुदूरपश्चिम प्रदेश - सदस्य
- उपसचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - सदस्य सचिव

उपसमितिको काम

- मञ्च व्यवस्थापन गर्ने,
- सलामी टोली र ब्याण्ड टोलीका लागि सुरक्षा निकायहरुसँग समन्वय गर्ने,
- प्लेकार्ड तथा झण्डाको व्यवस्थापन गर्ने,
- मूल समारोहको कार्यक्रम सञ्चालन गर्ने,
- व्यानर तयार गर्ने (ठूलो सानो दुवै),
- स्थानीय एफ.एम. रेडियोबाट संविधान दिवस केन्द्रित सन्देशमूलक सूचना प्रशारण तथा प्रकाशन र प्रचारप्रसारको व्यवस्था मिलाउने ।

(ख) प्रभातफेरी एवं झाँकी व्यवस्थापन र सामाजिक सहयोग कार्यक्रम उपसमिति

प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - संयोजक
प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, कैलाली - सदस्य,
क्याम्पस प्रमुख, कैलाली वहुमुखी क्याम्पस, कैलाली - सदस्य
प्रमुख प्रशासकीय अधिकृत धनगढी उ.न.म.न.पा. - सदस्य
प्रमुख नेपाली सेना(जिल्लास्थित) - सदस्य
प्रमुख जिल्ला प्रहरी कार्यालय, कैलाली - सदस्य
प्रमुख, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य
प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कैलाली - सदस्य
प्रतिनिधी सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान - सदस्य
प्रमुख, नेपाल स्काउट, धनगढी - सदस्य
प्रमुख, नेपाल रेडक्रस सोसाईटी,सुदूरपश्चिम प्रदेश - सदस्य
प्र.ना.उ., जिल्ला प्रहरी कार्याल कैलाली - सदस्य, सचिव

उपसमितिको काम

- रक्तदान कार्यक्रम संचालन गर्ने
- विभिन्न जातजाति एवं भेषभुषा तथा कला सँस्कृति झल्कने झाँकीहरुको व्यवस्थापन गर्ने,

कमल बहादुर शाह
मुख्यमन्त्री

- क्याम्पसका प्राध्यापक तथा स्कुलका शिक्षक/शिक्षिका, खेलाडी एवं विद्यार्थीहरुलाई सहभागी गराउन आवश्यक समन्वय गर्ने,
- प्राथमिक उपचारको व्यवस्था मिलाउने,
- संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१" शीर्षकमा प्रदेशस्तरिय "निबन्ध लेखन प्रतियोगिता (विद्यालय स्तरीय) को विधि र मोडालिटी तयार गरी कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने।

९. संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ का सन्दर्भमा विभिन्न कार्यक्रमहरु आयोजना गरी जनस्तरसम्म हर्षोल्लासपूर्वक मनाउने व्यवस्थाका लागि प्रदेशस्थित सबै जिल्ला समन्वय समितिहरु र जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गर्ने ।

१०. <u>मूल समारोहको कार्यक्रमः</u>

२०८१ साल असोज ३ का दिन बिहान ८:०० बजे आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्राङ्गण, धनगढीमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मनाउने सन्दर्भमा सुदूरपश्चिम प्रदेश मूल समारोह समितिको कार्यक्रम देहाय बमोजिम हुनेछः-

(क) माननीय सभामुखको आमगन
(ख) संविधान दिवस राष्ट्रिय दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष एवं माननीय मुख्यमन्त्रीज्यूको आगमन तथा अध्यक्षता ग्रहण
(ग) माननीय प्रदेश प्रमुखज्यूको आगमन, सलामी तथा आशनग्रहण
(घ) राष्ट्रिय गान
(ङ) सहिदहरूको सम्झनामा १ मिनेट मौनधारण
(च) आन्तरिक मामिला तथा कानुन मन्त्रीज्यूबाट स्वागत तथा मन्तव्य
(छ) झाँकी प्रदर्शनी
(ज) संविधान दिवस तथा राष्ट्रिय दिवस सुदूरपश्चिम प्रदेश मूल समारोह समितिका अध्यक्ष एवं माननीय मुख्यमन्त्रीज्यूबाट मन्तव्य सहित समारोहको समापन ।

कमल बहादुर शाह
मुख्यमन्त्री